# बडीमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालय

## मार्तडी बाजुरा

नगरसभाको १५ औं अधिवेशनमा सहयोग गर्ने कर्मचारीहरूको उपस्थिति २०८१।३।१०

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | रत्नमल बि.क | अधिकृत सातौं (शाखा अधिकृत) | 9862798704 | |
| २ | हिक्मत बहादुर रावत | इन्जिनियर | | |
| ३ | गोपालचन्द्र भण्डारी | अधिकृत छैठौं | 98481४4499 | |
| ४ | पुष्प राज भट्ट | अधिकृत छैठौं | 9846775170 | |
| ५ | बिमला कुमारी पाध्याय | लेखा अधिकृत | 9868478674 | |
| ६ | टेक बहादुर खड्का | अधिकृत छैठौं | [illegible] | |
| ७ | ललिता कुमारी दानी | सि.अ.न.मि. निरिक्षक | 9868427542 | |
| ८ | भेष राज पण्डित | अधिकृत छैठौं | | |
| ९ | ललिता कुमारी रोकाया | अधिकृत छैठौं | 9862383045 | |
| १० | हेमबहादुर थापा | सूचना प्रविधि अधिकृत | 98417965[illegible] | |
| ११ | कृष्ण बहादुर खड्का | अधिकृत | 984115[illegible] | |
| १२ | गोकर्ण राज रेग्मी | ना.सु. | 9868587[illegible] | |
| १३ | मान बहादुर रावत | सहायक | | |
| १४ | शङ्कर प्रसाद उपाध्याया | सव इञ्जिनियर | 9869907500 | |
| १५ | केशरी कुमारी रोकाय | महिला विकास निरीक्षक | 9848437031 | |
| १६ | प्रेम बहादुर महत | सहायक | 9848435164 | |
| १७ | कुमारी बिन्दु बढाल | महिला विकास निरीक्षक | 9840064274 | |
| १८ | गोपाल बहादुर महत | सहायक पाँचौं | | |
| | राम बहादुर कटुवाल | सहायक पाँचौं | 9868468327 | |
| | शङ्कर कुमार खड्का | सव इञ्जिनियर | 9848523167 | |
| | प्रमिलाकुमारी थापा | रोजगार संयोजक | 9843597541 | |
| | वीर बहादुर बुढा | सव इञ्जिनियर | 9868860500 | |
| | सुनिता कुमारी सुनार | सहायक पाँचौं | [illegible] | |
| | सरिता कुमारी ठकुल्ला | सहायक पाँचौं | 9843608714 | |
| | राज राज पन्त | सव इञ्जिनियर | 9841425727 | |
| | रोमा कुमारी शाह | सहायक महिला विकास निरीक्षक | 9868448038 | |
| | गोरख बहादुर रावत | सहायक चौथौ | [illegible] | |
| | इश्वरा कुमारी कार्की | सहायक चौथौ | | |
| | गगा बहादुर रोकाया | असिष्टेण्ट सव इञ्जिनियर | 9848552818 | |
| | नवराज बुढा | असिष्टेण्ट सव इञ्जिनियर | 9848789288 | |
| | चौथमल थापा | सहायक कम्प्युटर अपरेटर | 9860656474 | |
| | सुनीता कुमारी रावल | असिष्टेण्ट सव इञ्जिनियर | 9848694052 | |
| | दिल बहादुर बिष्ट | कार्यालय सहयोगी | [illegible] | |
| | रामबहादुर रावल | कार्यालय सहयोगी | [illegible] | |

Scanned with CamScanner

| क.स. | नाम | पद | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| ३५ | खड्क राना | कार्यालय सहयोगी | ९८४९६५३८९३ | [signature] |
| ३६ | कासी चन्द पाध्याय | अधिकृत छैठौं | ९८४८४२८६९२ | [signature] |
| ३७ | तिलक राज न्यौपाने | अधिकृत छैठौं | | |
| ३८ | धर्म बहादुर खत्री | अधिकृत छैठौं | | |
| ३९ | मिन बहादुर थापा | सहायक पाँचौं | 9846485393 | [signature] |
| ४० | कमला राई | सि.अ.न.मी. | | |
| ४१ | इन्द्रा थापा | सि.अ.न.मी. | | |
| ४२ | गौरी पाण्डेय पाध्याय | सि.अ.न.मी. | | |
| ४३ | बिमला कुमारी थापा | सि.अ.न.मी. | 9863101617 | [signature] |
| ४४ | अम्मर बहादुर यडुवाल | सहायक पाँचौं | 9862918087 | [signature] |
| ४५ | दीपु कुमारी न्यौपाने | सहायक पाँचौं | 9867271322 | [signature] |
| ४६ | सरिता पाण्डे | सहायक चौथौ | | |
| ७ | बिष्नु बहादुर रावल | कार्यालय सहयोगी | ९८४५८९२८६ | [signature] |
| ४८ | धन बहादुर रावल | सहायक चौथौ | ९८५८४०६६५६ | [signature] |
| ४९ | मिन बहादुर धामी | असिटेण्ट सब इञ्जिनियर | ९८६८४८[illegible]२० | [signature] |
| ५० | कमला कुमारी साउद (थापा) | कार्यालय सहयोगी | | [signature] |
| ५१ | गम्भिरे महत | कार्यालय सहयोगी | 9846310441 | [signature] |
| ५२ | गोरख बहादुर बोहरा | ~~कार्यालय सहयोगी~~ सवारी चालक | ९८४८६३२६६१ | [signature] |
| ५३ | जय रावत | कार्यालय सहयोगी | | [signature] |
| ५४ | भक्त बहादुर विश्वकर्मा | कार्यालय सहयोगी | ९८५८५३६६३८ | [signature] |
| ५५ | मदन बहादुर दानी | कार्यालय सहयोगी | ९८[illegible] | [signature] |
| ५६ | हिरेन्द्र बहादुर वि.क. | कार्यालय सहयोगी | ९८४८३४८५६० | [signature] |
| ५७ | सन्तोष नेपाली | अमिन | 9742465112 | [signature] |
| ८ | सन्तोष बिक | सामाजिक परिचालक | 9848481361 | [signature] |
| ९ | हिमाल बहादुर बडुवाल | हलुका सवारी चालक | 9744318835 | [signature] |
| ६० | विरेन्द्र बहादुर बडुवाल | कार्यालय सहयोगी | | [signature] |
| ६१ | निर्मला कुमारी कामी(वि.क) | कार्यालय सहयोगी | 9748253909 | [signature] |
| ६२ | कृष्ण बहादुर राोकाया | सब इञ्जिनियर | 9848618537 | [signature] |
| ६३ | जनक कार्की | सब इञ्जिनियर | 9868222018 | [signature] |
| ६४ | दिल थापा | सब इञ्जिनियर | 9843264000 | [signature] |
| ६५ | पदम बहादुर रावल | कार्यालय सहयोगी | | [signature] |
| ६६ | राजेन्द्र बिष्ट | हलुका सवारी चालक | 9764205095 | [signature] |
| ६७ | अंगद बहादुर रावल | सहायक पाँचौं | 9848480895 | [signature] |
| ६८ | गचे चदारा | कार्यालय सहयोगी | | [signature] |
| ६९ | टेक बहादुर साउद | कार्यालय सहयोगी | | |
| ७० | भानुभक्त जैशी | रा.प.अनं. तृतीय (मुखिया सरह) | 9848609621 | [signature] |
| ७१ | मन बहादुर महत | कार्यालय सहयोगी | 9748251210 | [signature] |

Scanned with CamScanner

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| ७२ | म बहादुर थापा | कार्यालय सहयोगी | 9868501568 | |
| ७३ | ुनराज खड्का | सहायक चौथौ | 9848966002 | |
| ७४ | िस्न बहादुर रावल | सफाइ कर्मचारी | 9865628854 | |
| ७५ | गन बहादुर ऐडी | सफाइ कर्मचारी | ९८४८४५२५६८ | |
| ७६ | ोपी नेपाली | सफाइ कर्मचारी | 9867728212 | |
| ७७ | जमुना कुमारी धामी | सहायक चौथौ | | |
| ७८ | वीर बहादुर चदारा | सहायक चौथौ | 9845665904 | |
| ७९ | मोहन राज पण्डित | कम्प्युटर अपरेटर | ९८६९४२६९६० | |
| ८० | ुना कुमारी विष्ट | सहायक | ९८४८५५२८६० | |
| ८१ | नव राज पण्डित | सहायक | ९८४८४३६०४३ | |
| ८२ | रमेश वि.क. | सहायक | ९८६८४८६९३२ | |
| ८३ | जमुना कुमारी धामी | सहायक चौथौ | | |
| ४ | कल्पना कुमारी दानी | अ न मी | 9848430640 | |
| ८५ | कल्पना रावल | सहायक चौथौ | | |
| ८६ | कल्पना सार्की | अ न मी | | |
| ८७ | कविराज दानी | सहायक चौथौ | | |
| ८८ | केशव कार्की | सहायक चौथौ | 9864774811 | |
| ८९ | खगेन्द्र गुयाल | सहायक चौथौ | | |
| ९० | छक्र बहादुर साउद | सहायक चौथौ | 9868427395 | |
| ९१ | तुलसी हमाल | अ न मी | | |
| ९२ | दुर्गा कुमारी भण्डारी | अ न मी | | |
| ९३ | नन्दा गुयाल | अ न मी | 9865871539 | |
| ९४ | बसन्ती पुरी | सहायक चौथौ | | |
| ५ | रश्मी हमाल | पब्लिक हेल्थ नर्स | 9841247267 | |
| .६ | राजेश्वरी कुमारी बुढा | सहायक चौथौ | | |
| ९७ | ललिता कुमारी खत्री | अ न मी | | |
| ९८ | संगिता कुमारी खड्का | अ न मी | | |
| ९९ | सुनिता कुमारी शाही | अ न मी | ९८४३३२२६३२ | |
| १०० | सुनिता थापा | सहायक चौथौ | | |
| १०१ | हेमा शाही | अ न मी | | |
| १०२ | गणेश राज तिमिल्सेना | कार्यालय सहयोगी | | |
| १०३ | लाल बहादुर दानी | कार्यालय सहयोगी | | |
| १०४ | कमला नेपाली | कार्यालय सहयोगी | | |
| १०५ | कोकिला खड्का | कार्यालय सहयोगी | | Kokila |
| १०६ | खडक बडुवाल | कार्यालय सहयोगी | ९८४८६९८९०८ | |
| १०७ | गोविन्द बहादुर न्वार | कार्यालय सहयोगी | ९६६९९१८९८२ | |
| १०८ | नयन राज पण्डित | कार्यालय सहयोगी | | |
| 109 | सिमा नाथ | का.स. | ९८४८६८८०२२ | Sima |

Scanned with CamScanner

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| | बिन्दु रावल | CPSW Coordinator | 9868543132 | [signature] |
| | रामदेवी थापा | जिल्ला सहजकर्ता (तिहा) | 9848887130 | [signature] |
| | मान ब० वि.क. | का. स. वडा ८6 | 9848919566 | [signature] |
| | धर्मा ऐडी | जिऽ सुपरभाइजर | 9865946668 | [signature] |
| | लक्ष्मी कु थापा | मनोसामाजिक विमर्शकर्ता | 9865668889 | [signature] |
| | अमृता कु. कार्की | मनोसामाजिक कार्यकर्ता | 9848314495 | [signature] |
| | कृष्णा कु चदारा विक | स. का | 9868543383 | [signature] |
| | गोपाल उप्रेती | का.स | ९८४८६८६४५५ | गोपाल |
| | प्रतिमा कु. शाही | बृहत मार्ट बरबाडा. | 9847140832 | [signature] |
| | सन्तोषी दाती | मामला व्यवस्थापक | 9865763059 | [signature] |
| | शारदा के जोशी | मनोसामाजिक कार्यकर्ता | 9848480010 | [signature] |
| | कृष्णा चदारा | प्रा. स. (UNICEF) | 9868589759 | [signature] |
| | गोरख बरोहला | पत्रकार | 98486895४८ | [signature] |
| | अमृता वि० क | CPSW वडा नं९ | 9865612963 | [signature] |
| | रना वि० क | अभिन OJT | | [signature] |
| | खडक ब० दानी | पशु स्वास्थ्य प्राविधिक | ५८४८०८६६६८ | [signature] |
| | पुष्पा कु० जोशी | उपाध्यक्ष जिल्ला प्रतिनिधि | ९८६८८४२६६८ | [signature] |
| | कल्पना शाह | मामला व्यवस्थापक | 9848644959 | [signature] |
| | सुशिला थापा | CPSW | 9848481244 | [signature] |
| | उषा रावल | का०स | | उषा |
| | गोरख ब बोहरा | सवारी चालक | ९८४८६८३६९९ | [signature] |
| | नहाकु धामी | GIZ/REEEP | ९८६९८०९४५८ | [signature] |
| | मतिराम खत्री | लेखापाल | ९८४८६०३३४८ | [signature] |
| | गोरख रावल | वा.ज.प.ड. | ९८४८६०३५४२ | [signature] |
| | वीर सिंह ठगार | ब०म०पा | | [signature] |
| | इन्दु थापा | ब०म० पा. | | [signature] |
| | देव ब० धानी | " | ९८०८४८०५६० | [signature] |
| | रमिता रावल | पोषण सहजकर्ता | 9768299551 | [signature] |
| | निर्मला उपाध्याय | सहयोगी | | [signature] |

## बडीमालिका नगरपालिका १५ औं अधिवेसनका निर्णयहरु
### मिति:२०८१/३/१०

प्रस्तावहरु:

१. आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा।

२. आर्थिक वर्ष २०८१/०८२ को आर्थिक विद्येयक पारित सम्बन्धमा।

३. आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विद्येयक पारित सम्बन्धमा।

४. संचित कोष सम्बन्धमा

५. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।

६. गैरसहकारी संस्थाहरुको कार्यक्रम तथा बजेट स्वीकृत सम्बन्धमा।

७. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

८. बार्षिक कार्यक्रम कार्यान्वयन.सम्बन्धमा।

९. आय-व्यय स्वीकृत गर्ने सम्वन्धमा।

१०. बेरुजु फर्छौट गर्ने सम्बन्धमा।

११. अस्थायि प्रहरी पोष्ट निर्माण सम्बन्धमा।

१२.परीयोजना निरन्तरता दिने सम्बन्धमा।

१३. धन्यवाद सम्बन्धमा।

**निर्णय नं १:** यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को देहाय बमोजिमको नीति तथा कार्यक्रम सभाका अध्यक्ष नगर प्रमुख श्री अमर बहारदुर खड्काले सभा पेश गर्नुभई सो प्रस्तुत निति तथा कार्यक्रम नगर सभाका सदस्य ज्यूहरुको सर्वसहमतिबाट पारित गरियो।

बडीमालिका नगरपालिकाको तेह्रौं नगर सभा मिति २०८१ असार १० गते नगर प्रमुख श्री अमर बहादुर खड्काले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

Scanned with CamScanner

## बडीमालिका नगरपालिका

## आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

## " कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार समृद्ध बडीमालिकाका प्रमुख आधार"

बडीमालिका नगरपालिकाकाका उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नगर सभाका सदस्यहरुमा बडीमालिकाको १५ औ अधिवेशनमा हार्दिक स्वागत गर्दछु । बडीमालिका नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण हार्दिक श्रद्वासुमन अर्पण गर्दछु ।

नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्धारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनत निर्देशित काम कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौ ।

नगरपालिकाको नीति तथा कार्यक्रम "कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार समृद्ध बडीमालिकाका प्रमुख आधार" आकाक्षा पूरा गर्ने दिशातर्फ केन्दित छ । आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकोले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्वन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा बृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्वन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

नगरपालिकाका उप प्रमुख ज्यू,
सम्पूर्ण नगर सभा सदस्य ज्यूहरु ।
अब म आगामी आर्थिक बर्ष नगरपालिकामा संचालन हुने विषयगत प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

Scanned with CamScanner

## आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रम

१. बडीमालिका नगरपालिकाको रैथाने विकास मोडल **विश्वास** (विद्यालय स्वास्थ्य सचेतना) अभियान र कृपया मोडेल (कृषि पर्यटन र यातायात) मोडल अन्तर्गत रही कार्यक्रम तथा आयोजनालाई कार्यान्वयन गरिनेछ । निदाएकालाई ब्युझाउँदै, ब्युझेकालाई उभ्याउँदै, उभिएकालाई हिडाउँदै, हिडेकालाई बुझाउँदै, बुझेकालाई जगाउँदै, जागेकालाई सजाउँदै, नयाँ पुस्ता समेट्दै नैतिकवान्, आत्मविश्वासी, चरित्रवान नयाँपुस्ता निर्माण गर्न उत्प्रेरणा, सम्मान र हौसला बृद्धि गर्दै सकारात्मक सोचको विकास गर्ने बानीको विकासका लागि क्षमता अभिबृद्धि, जीवन ब्यवस्थापन र उद्यमशिलता प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

२. बडिमालिका नगरपालिकाको आयोजना, समन्वय र सहकार्यमा जिल्लामा सक्रिय राजनीतिक दल, प्रशासनिक व्यक्तित्व, समाजसेवी तथा संस्कृतिप्रेमी, शिक्षा प्रेमी, योजनाविद्, अन्तराष्ट्रिय गैरसरकारी संस्था आदिको उपस्थितिमा बडीमालिकाको विकासमा लगानी बृद्धि गर्न लगानी कर्ता, विकास साझेदार, प्रदेश सरकार तथा संघ सरकारको प्रतिनिधित्व र स्थानीयहरुको सहभागितामा **बडीमालिका विकास कचहरी कार्यक्रम संचालन** गरिनेछ ।

## कृषि विकास सम्बन्धि नीति तथा कार्यक्रम

१. **आर्थिक समृद्धिको पहिलो आधार कृषि नै हो पहिलो पूर्वाधार** भन्ने अभियान मार्फत नगर प्रमुखसँग कृषि उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ । सो कार्यक्रम नगरपालिका र स्थानीय कृषकहरुको साझेदारीमा बडीमालिका **कोदो बिष्कुट** उद्योगको रुपमा पालिका गौरवको आयोजना संञ्चालन गरिनेछ ।

२. **"किसानको लगानी: किसानकै आम्दानी"** भन्ने अभियान मार्फत कृषि उपजहरुको संकलन, प्रशोधन, ग्रेडिङ, ब्रान्डीङ र बजारीकरण गर्न जिल्ला भित्र र जिल्ला बाहिर निर्यातका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

३. **"रैथाने उपहार गाउँको: भान्सामा लहर शहरको"** योजना अनुरुप (सार्वजानिक, नीजि, साझेदारी) मा एकिकृत कृषि प्रशोधन उद्योग स्थापना गरी उत्पादित बस्तुको बजारिकरण गर्न पालिका भगिनी स्थापित गरिनेछ ।

४. **"तपाईको उत्पादनः हाम्रो बजार"** भन्ने नारालाई आत्मसात गर्दै कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजार सुनिश्चितताका लागि नगरपालिकाले कृषि उत्पादन खरिद, बिक्री र ढुवानीको व्यवस्था गर्ने नीति लिईनेछ ।

Scanned with CamScanner

५. नगरपालिकाका सरोकारवाला निकाय तथा कृषकहरुको आम भेलाबाट प्राथमिकता प्राप्त वालीको छनौट गरी ति वालीहरुको न्यूनतम समर्थन मूल्य तोकिनेछ। निर्माणधिन शितगृह भण्डारण वितरण केन्द्र र कृषि बजार सञ्चालन गरिनेछ।
६. **"किसानको पहिचानः बारीमै अनुदान"** कार्यक्रम मार्फत ढुवानी, उत्पादन र प्रविधिमा विशेष अनुदानको व्यवस्था गरिनेछ।
७. प्रदेश सरकार, नगरपालिका र वैंक तथा वित्तिय संस्थाहरुको साझेदारीमा कृषकहरुलाई न्यूनतम व्याजदरमा सहुलियतपूर्ण कृषि कर्जा उपलव्ध गराईनेछ।
८. भौगोलिक अवस्था र पानीको श्रोतका आधारमा उपयुक्त सिंचाई प्रविधि मार्फत सुविधा उपलब्ध गराईनेछ।
९. उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न युवा लक्षित सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। स्वरोजगार युवाको सम्मान, नगरवासीको पहिचान भन्ने नाराका साथ कृषि उद्यम कार्यक्रमसँगको साझेदारीमा कृषि ब्यवसाय तर्फ आकर्षण गरी बेरोजगार युवाहरुको रोजगारी सृजना गरिनेछ।
१०. सामुदायिक विद्यालयको दिवा खाजा कार्यक्रममा स्थानीय रुपमा उत्पादित दाल तथा तरकारीलाई गरिनेछ।
११. आयातित खादा विस्थापित गर्ने नीति अनुरुप व्यवसायिक फुल खेती गर्ने कार्यलाई प्रोत्साहित गर्दै मार्तडीमा फुलमाला पसल सञ्चालन गरिनेछ।
१२. कृषि सहकारी/कृषक समूह/कृषि फर्म र कृषकहरुका लागि सीप र सम्मान, हातमा नगद, भकारीमा उत्पादन सहकारीमा बचत गर्न कृषकलाई प्रोत्साहन गरिनेछ।
१३. स्थानीय बाली कोदोको प्रवर्द्धन, प्रचार र कृषकहरुलाई कोदो बाली प्रति आकर्षित गर्न बडीमालिका कोदो दिवस हरेक बर्षको मंसिर १ गतेका दिन मनाइनेछ।
१४. नगर भित्रका पर्यटकीय होटेलको मेनुमा कोदाको परिकार अनिवार्य रुपमा राख्न अभियान चलाईनेछ
१५. नगर प्रमुख, नगर उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्ष साथै सबै वडाहरुका वडाध्यक्षको कार्यकक्षमा अनिवार्य रुपमा स्थानीय कृषकहरुले बनाएका हलो, डोको, ग्यान्री, पञ्चेबाजा लगाएत अन्य सामाग्रीहरुलाई नामसहित सजाएर राख्ने निति लिईनेछ।
१६. प्रदेश र संघ सरकारको कृषि बीमा कार्यक्रमलाई पालिकामा अनिवार्य लागु गरिनेछ।

<u>**पशुपन्छी सम्बन्धि नीति तथा कार्यक्रम**</u>

१. **" गोठ देखि ओठ सम्मः बधशाला देखि भान्सा सम्म "** नारालाई साकार पार्न पशुपंक्षी व्यवसाय प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ।

Scanned with CamScanner

२. प्रदेश र संघ सरकारको पशु बीमा कार्यक्रमलाई पालिकामा अनिवार्य लागु गरिनेछ

३. वडा स्तरमा स्थानीय लोकल कुखुरा, कालिज फर्म संचालन गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनुका साथै व्यवसाय प्रवर्द्वन गर्न विभिन्न निकायसँग समन्वय गरिनेछ।

४. पशुपन्क्षी सम्बन्धि रोग निवारण, पशु सुरक्षालाई सुनिश्चित गर्न पशुपन्छी उपचार सेवालाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

५. पालिका स्तरमा बाख्रा तथा भेडा पालनलाई व्यवसायिक रुपमा विकास गर्न बाख्रा तथा भेडा स्रोत केन्दको स्थापना गर्न प्रदेश सरकार संघ सरकार र गैरसरकारी संस्थाहरुसँग समन्वय गरिनेछ।

६. भैसी पालक किसानहरुलाई दुध ढुवानीमा अनुदान दिइनेछ। साथै फर्म दर्ता गरी नगरपालिकाका सूचिकृत किसानलाई पशु प्राविधिक मार्फत नियमित सेवा दिइनेछ।

## संस्कृति तथा पर्यटन प्रर्वद्धन

१. नगर क्षेत्रभित्रका धार्मिक साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने नीति अवलम्बन गरिरेछ। नगर अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान बृद्धि गर्न सम्भाव्य पर्यटकीय गन्तव्यको पहिचान र प्रचार प्रसार गरि आन्तरिक एवम बाह्य पर्यटनको आवगमन बढाइनेछ।

२. "**पर्यटकको नियमितताः बडीमालिका तिर्थयात्रा**" भन्ने नारालाई साकार पार्न थप पर्यटकको लागि बडीमालिका पाटन क्षेत्रलाई बाह्रै महिना संचालन गर्न आवश्यक आधारभूत पूर्वाधारहरु निर्माण गर्दै **बडीमालिका यात्रा बर्ष** लाई निरन्तरता दिइनेछ।

३. स्थानीय पर्यटन प्रवर्द्धनका लागि मार्तडी बजारमा संस्कृति झल्किने साँस्कृतिक संग्रहालय निर्माणको कामलाई सुरुवात गरिनेछ।

४. धार्मिक पूर्वाधार निर्माण तथा साँस्कृतिक सम्पदाको प्रवद्धन गरी परम्परागत रुपमा पहिचान झल्काउने स्थानीय बाजा संरक्षण गर्ने नीति लिइने छ।

५. बडीमालिका जाने बाटोलाई सोता पाटनसम्म नियमित र सहज रुपमा यातायात चल्ने बनाउने, पर्यटकलाई वास बस्नका लागि होटलको सट्टा खर्क स्टेलाई नयाँ विकास मोडलको रुपमा अगाडि बढाईनेछ।

६. बडीमालिका पर्यटकीय क्षेत्र भित्र उपयुक्त रुटमा पोडवय संचालन गर्ने सम्वन्धमा सम्भाव्यता अध्ययन अनुमतिका लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिहदरवारलाई अनुरोध गर्ने। साथै लगानीको वातावरण सुनिश्चिता गर्न सार्वजनिक नीति साझेदारी मोडेल नीति लिइनेछ।

Scanned with CamScanner

७. बडीमालिका पर्यटकीय क्षेत्रमा प्यारागलाईडिट्ङको लगायतको सम्भाव्यता अध्ययन गरिनेछ।

८. बडीमालिका नगरपालिकाका महत्वपुर्ण पर्यटकीय स्थानहरु विरेखोला झरना, त्रिवेणी पाटन, बडीमालिका मन्दिर, उपरकोट, कालाजग्रा, दहडाँडा, जाल्पादेवि मन्दिर क्षेत्र, चल्लेसैन दह, सेरसुङ्क गुम्बा लगायत सुन्दर तथा धार्मिक स्थानको संरक्षण र प्रबर्द्धन गर्नुका साथै वडा नं ८ स्थित रानीवनलाई हरित पार्कका रुपमा विकास गरिने छ।

९. कालाजाग्रा मन्दिर क्षेत्र लगायत पालिकाका पर्यटकीय क्षेत्रमा जाने बाटोमा कलात्मक मुर्तिहरु निर्माण गरि आवश्यक रंगरोगन गरिनेछ।

१०. बडीमालिका क्षेत्रको पर्यटन प्रर्वद्धन गर्न पदमार्ग अनुमति डिजिटल म्याप प्रिन्ट नक्सा प्रकाशित गरिनेछ।

उद्योग क्षेत्र

नगरपालिकामा परम्परागत कुटीर उद्योग बाहेक कुनै पनि उद्योग संचालनमा नरहेको र उद्योग क्षेत्रमा लगानी पनि न्यून रहेकाले प्राप्त श्रोत साधनको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगिक नीतिलाई टेवा पुग्ने गरी देहायका नीतिहरु अवलम्बन गरिएको छ।

✓ स्थानीय कच्चा पदार्थम आधारित साना तथा घरेलु उद्योगहरुको स्थापना विकास एवम् विस्तार गर्न विभिन्न किसिमका व्यवसायिक, सीपमूलक तालिमहरुको व्यवस्था मिलाईनेछ।

✓ नेपाल सरकार, प्रदेश सरकारको औद्योगिक ग्रामको स्थापना गर्ने नीति अनुसार बडीमालिका नगरपालिकामा औधोगिक ग्राम स्थापनाका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

✓ नयाँ लघु उद्यमी सिर्जना गर्ने, पूर्नताजाकीय सीप विकास तालिम संचालन गर्ने र प्रविधि हस्तातरण गर्ने जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

✓ नगरपालिका स्तरीय औधोगिक नीति तर्जुमा गरि साना तथा घरेलु उत्पादन मुलक उद्योगहरुको स्थापना गर्न सार्वजनिक निजी साझेदारीलाई आत्मसाथ गरिनेछ। औद्योगकि पूर्वाधार निर्माण गर्न प्रोत्साहित गरिनेछ।

✓ युवा, रोजगार र महिला उद्यम विकास सम्वद्ध रणनैतिक आयोजनाको परिमार्जन गर्दै उद्यम विकास रणनीति तर्जुमा गरिनेछ। नगर प्रमख सीप रोजगार प्रवर्द्धन कार्यक्रम संचालन गरी परम्परागत पेशा व्यवसाय सुधार गर्दै युवाहरुलाई व्यवसायिक बनाउन प्रोत्साहन गरिनेछ।

✓ उद्योग बाणिज्य संघ लगायत विभिन्न सामाजिक संघसंस्थासँगको सहकार्यमा व्यवसायिक हक हित, बजार व्यवस्थापन प्रवर्द्धन गरिनेछ।

Scanned with CamScanner

✓ बडीमालिका नगरपालिका भित्र दर्ता नगरी व्यवसाय गर्ने व्यवसायीलाई अनिवार्य रुपमा दर्ता प्रक्रियामा ल्याइनेछ । कालो बजारीको नियमन गरी कानून विपरित व्यवसाय संचालन गर्ने व्यवसायीलाई कानूनी दायरामा ल्याइनेछ।

✓ नगरपालिकाबाट योजना तथा कार्यक्रमको भुक्तानीका लागि निवेदन पेश गर्ने सेवाग्राहीले संलग्न बिलको साथ साथै पालिकामा दर्ता गरेको व्यवसायदर्ता प्रमाणपत्रलाई अनिवार्य गरिनेछ।

✓ "एक घर एक सहकारी सदस्य" नीतिलाई निरन्तरता गरिनेछ। सहकारी नीति अनुरुप सहकारीका रुपमा कृषि पशुपालन र पशुजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।

✓ सहकारी क्षेत्रको संस्थागत क्षमता अभिबृद्धि गर्न सहकारीको लेखा व्यवस्थापन कोपोमिस प्रणालीलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।सहकारी मार्फत यस नगरपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीहरुलाई एकीकृत गर्दै पूँजी विस्तार र परिचालनमा जोड दिइनेछ ।

✓ निजी क्षेत्रको विकास तथा नगरपालिकाको दिगो आम्दानी परिचालनमा योगदान पुर्याउन सार्वजनिक निजी साझेदारीका आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाईनेछ

पूर्वाधार विकास

१. निर्माणाधिन बडीमालिका चक्रपथको स्तरोन्नती एवम विस्तार कार्यलाई निरन्तरता दिन संघ तथा प्रदेश सरकार सँगको समन्वय मार्फत थप पहल गरिनेछ ।नगरका सवै वडा केन्द्र तथा विभिन्न बस्तीहरुसम्म जोड्ने नगर सडकहरुको स्तरोन्नती तथा विस्तार लाई निरन्तरता दिईने छ।

२. नगर प्रमुख आवास कार्यक्रम अन्तर्गत परिवारको कुनै पनि सदस्य सरकारी तथा गैरसरकारी संस्थामा रोजगारीमा आवद्ध नभएको, कुनै पनि किसिमको व्यापार व्यवसाय नगरेको, रोजगारीको शिलशिलामा देश भित्र र देश बाहिर नगएको प्रत्येक वडाको कुनै एक विपन्न गरिब परिवारलाई आवास निर्माण गरिदिने नीति लिईनेछ।

३. उपभोक्ता समितिको कामलाई प्रभावकारी रुपमा अगाडी बढाउनका लागि बाह्य निर्माण सामाग्री नगरपालिकाले खरिद गर्ने नीति लिईनेछ।

४. कामदारको ज्याला दररेट अनुसार नै प्राप्तिका लागि उपभोक्ताले व्यहोर्नु पर्ने योगदानको रकमलाई काम गर्न नआउने लाभान्वित उपभोक्ताले नगदको रुपमा अनिवार्य योगदान गर्नुपर्ने व्यवस्था लागु गरिनेछ।

Scanned with CamScanner

५. रोजगारमा महिलाहरुको सहभागिता बढाउन दक्ष महिला कामदारहरुको क्षमता बृद्धि गरी रोजगारीसँग आबद्व गराई आत्मनिर्भर गराउने उद्देश्यले महिला डकर्मि तालिम सञ्चालन गरिनेछ।

६. पालिका स्तरमा मर्मत संभार कोष स्थापना गरी लागु गरिनेछ।

७. नगरपालिका भित्र गठन हुने प्रत्येक वडाका उपभोक्ता समितिका खातामा रहने धरौटी वाफतको रकम समितिका केहि पदाधिकारीहरुले दुरुपयोग गर्ने गरेको भन्ने जनगुनासोलाई सम्बोधन गर्न राष्ट्रिय वाणिज्य बैंक, मार्तडीसँगको समन्वय र सहकार्यमा उक्त रकम पालिकाको आन्तरिक आम्दानी मानी सोहि खातामा जम्मा गर्न पहल गरिनेछ।

८. नक्सापास विना घर वनाउने कार्यलाई निरुत्साहित गर्न अनिवार्य रुपमा मापदण्ड अनुसार घर निमार्ण गर्ने नीति लिईनेछ साथै डिजिटल प्रविधि मार्फत घरको नम्बरिङ पनि गरिनेछ।

९. बजार क्षेत्रमा सवारी पार्किङलाई व्यवस्थित गर्न पाल्तमा निर्माणँधिन बसपार्क सञ्चालनमा ल्याईनुका साथै बसपार्कको क्षमता कम भएमा बैकल्पिक व्यवस्था गरिनेछ।

१०. नगरपालिकामा रहेको कालोपत्रे सडकमा सडक मापदण्ड अनुसार सांकेतिकरण गरिनेछ।

११. नगर गौरवका आयोजनाहरुको विस्तृत परियोजना तयार गरी आयोजना बैकको रुपमा स्थापना गरी संघीय सरकार, प्रदेश सरकार साथै अन्य दातृ निकायहरुसंग आवश्यक पहल गरी आयोजना बैकमा भएका नगर गौरवका आयोजना कार्यान्वयन गरिनेछ।

१२. नगरक्षेत्र भित्र विद्युत सेवा नपुगेका क्षेत्रहरुमा विद्युत लाइन विस्तार गरिनेछ।

१३. नगर स्तरको खानेपानी समस्या समाधान गर्न विस्तृत अध्ययन प्रतिवेदन तयार गरी सवै घरधुरीमा खानेपानी सुविधा विस्तारको लागि विकास साझेदार संस्था, प्रदेश एवम संघीय सरकार र नगरपालिकाको साझेदारीमा खानेपानी निर्माणलाई निरन्तरता दिइने छ।

१४. नगर क्षेत्रका खानेपानी मुहान संरक्षण तथा मार्तडी बजार क्षेत्रको प्रमुख समस्याको रुपमा रहेको अव्यवस्थित ढल निकास, अस्तव्यस्त खानेपानी पाइपलाइनको व्यवस्थापन गरि शहरको सुन्दरतामा बढोत्तरी ल्याइने छ।

१५. नगरपालिकाको प्रशासनिक कामकाजमा सहजता ल्याउन प्रशासकीय भवन निर्माण कार्यलाइ निरन्तरता दिइनेछ, निर्माणाधिन स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रका भौतिक संरचनाको मर्मत सम्भार एवम स्तरोन्नति गरीदै लगिनेछ।

Scanned with CamScanner

१६. यस नगरपालिका वडा नं. ७ चुथीमा निर्माणाधिन १० शैया अस्पतालको भवन निर्माण कार्य यसै आवमा सम्पन्न गरि संचालनमा ल्याईनेछ ।

१७. वडाको प्रशासनिक कामकाज एवम सेवा प्रवाहमा सहजता ल्याउन सविधा सम्पन्न, अपाँगमैत्री वडा कार्यालयका प्रशासनिक भवन निर्माण कार्य क्रमिक रुपमा अगाडी बढाइने छ ।

सञ्चार तथा सूचना प्रविधि

१. प्रविधिमैत्री प्रशासन,विकास समृद्धि र सुशासन नारालाई साकार पार्न पेपरलेस बडीमालिका सरकारको अवधारणा निरन्तरता दिन एकिकृत सुचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउँदै लगिनेछ ।

२. जनगुनासोलाई तत्काल सम्बोधन गर्न हेलो मेयर कार्यक्रमलाई निरन्तता दिईनेछ ।

३. बडीमालिका नगरपालिकालाई कार्यक्षेत्र बनाइ पत्रकारिता सेवामा आबद्ध पत्रकारहरुको सेवा प्रवर्द्धनका लागि पत्रकार क्षमता विकास कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

४. लोक कल्याणकारी विज्ञापनको नीति यसै वर्षबाट लागु गरी कार्यान्वयन गरिनेछ ।

५. बडीमालिका नगरपालिकाको विकास तथा सुशासनका क्षेत्रमा कलम चलाउने एक जना पत्रकारलाई बडीमालिका पत्रकारिता पुरस्कार मार्फत पुरस्कृत गरि प्रोत्साहन गरिनेछ ।

सामाजिक विकास सम्बन्धि नीति

शिक्षा

१. नगर प्रमुखसँग विस्वास अभियान कार्यक्रम मार्फत नगरपालिका क्षेत्रभित्रका शैक्षिक संस्थाहरुमा विद्यालयको स्वास्थ्य (भौतिक अवस्था, शिक्षकको ईमान्दारीता, ब्यवस्थापन समितिको प्रतिवद्धता, अभिभावकहरुको संलग्नता र विद्यार्थीको लगनशिलता) को आधारमा मुल्यांकन र नक्सांकन गरी भुगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा विद्यालयलाई समायोजन गरिने नीति लिइनेछ ।

२. विद्यालय दिवा खाजा स्रोत केन्द्र, आवासिय विद्यालय र प्राविधिक धारका विद्यालयलाई विश्वास अभियानसँग जोड्दै नमूना विद्यालयको रुपमा अगाडि बढाईनेछ ।

३. पालिका अन्तर्गतका माद्यामिक विद्यालयहरुमा एक विद्यालय एक परियोना मार्फत पढ्दै कमाउँदै अभियान सञ्चालन गर्ने नीति लिईनेछ ।

Scanned with CamScanner

४. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अविभावकलाई विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५. दिवाखाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोड्दै नगरवासीको आर्थिक रुपान्तरणमा जोड दिइने छ।

६. विद्यालय दिवा खाजा कार्यक्रमसँगै स्वास्थ्य तथा पोषण कार्यक्रमलाई विद्यालय स्तरमा प्राथमिकताका साथ प्रभावकारी रुपमा कार्यान्यवन गरिनेछ।

७. विद्यालय स्वास्थ्य पोषण तथा सरसफाई र आधारभूत प्राथमिक उपचार सेवा सम्वन्धि चेतना तथा सामाजिक व्यवहार परिवर्तनका कार्यक्रम निरन्तर चलाईनेछ।

८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न प्रविधि मैत्री नीति लिईने छ।

९. नगरपालिका भित्रका संस्थागत विद्यालयलाई विपन्न तथा गरीव विद्यार्थिहरुको १० प्रतिशत छात्रवृत्ती कार्यक्रमलाई अनिवार्य गरी नियमन गर्ने तथा सामुदायिक विद्धयालयमा अध्ययनरत गरीव,विपन्न दलित, जनजाती असहाय विद्यार्थीलाई एकिकृत छात्रवृती कोषद्धारा छात्रवृती उपलब्ध गराउने नीति लिईने छ।

१०. MBBS अध्ययन गर्ने नगरपालिका भित्रको एक जना विद्यार्थिलाई आर्थिक सहयोग गर्नुका साथै विद्यावारीधि गर्ने नगरपालिका भित्रका एक जना महिला र एक जना पुरुषलाई पनि विशेष आर्थिक सहयोग गरिनेछ।

११. असाहाय तथा संरक्षणको अभावमा रहेका बालबालिकाहरुको अभिभावत्त्व नगरपालिकाले लिनेछ। सो को लागि सत्यवादी माविलाई आवसिय विद्यालयको रुपमा आ ब २०८१/०८२ बाट संचालनमा ल्याइनेछ ।

१२. नगरपालिका भित्रका जनशक्तिलाई सरकारी सेवामा प्रवेशका लागि तयारी कक्षाको व्यवस्थापन गरिनेछ।

१३. शिक्षालाई सिपसंग, सिपलाई श्रमसंग, श्रमलाई रोजगारीसंग,रोजगारीलाई उत्पादनसंग र उत्पादनलाई बजारसंग जोड्नका लागि शैक्षिक अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।

Scanned with CamScanner

१४. शिक्षक विदा र तालिम सहभागी हुँदा निजले अध्यापन गराउँदै आएको कक्षालाई नियमित गराउन वैकल्पिक शिक्षकहरुबाट अध्यायपन गराउने अनिवार्य व्यवस्था गर्ने नीति लिईनेछ। निरन्तर कक्षा सिकाईलाई प्रभावकारी बनाउन विद्यालयसंग सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालयका कार्यक्रमहरुलाई शुक्रवार वा विदाको दिनमा मात्र सञ्चालन गरिनेछ।

१५. सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षक, विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ।

१६. सामाजिक विकृतिहरु जस्तै बालबिवाह, छाउपडी प्रथा, घरेलु हिंसा आदिका विरुद्वमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थिहरु सचेतना प्रदान गर्न उनीहरुलाई नै परिचालन गरि समय समयमा अभियान चलाईनेछ ।नगरपालिका भित्रका माध्यमिक विद्यालयका छात्रा / छात्रहरुलाई सामाजिक विकृति विरुद्वका नाराहरु लेखिएका टिसर्टहरु वितरण गरि प्रत्येक हप्ताको शुक्रबार अनिवार्य रुपमा विद्यार्थीको विद्यालय पोसाकको रुपमा उक्त टिसर्ट लगाएर विद्यालय जानुपर्ने अभियान चलाईनेछ।

## स्वास्थ्य नीति

१. स्वास्थ्य संस्थालाई थप सुविधा सम्पन्न बनाउन मापदण्ड अनुसार भौतिक संरचना निर्माण गरी आधारभुत स्वास्थ्य सेवालाई गुणस्तरिय बनाईनेछ।

२. बिद्यालयमा हुने शारिरीक/मानसिक लगाएतका स्वास्थ्य समस्या न्यूनिकरणका लागि बिद्यालयमा नर्स कार्यक्रमलाई निरन्तरता दिदै क्रमशः सम्पूर्ण बिद्यालयमा लागुगर्दै लगिनेछ।

३. कम्तिमा बर्षको एक पटक घर दलोमै स्वास्थ्य जाँच गरी अभिलेखिकरण गरिनेछ।

४. विषशज्ञे स्वास्थ्य सेवाका लागि सहकार्य गर्न इच्छुक सहयोगी दातासंग समन्वय र सहभागितामा समय समयमा बृहत् स्वास्थ्य शिविर गरिनेछ।

५. बिपन्न नागरिक उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिईनुका साथै अति गरिब, विपन्न असाहाय नागरिकहरुलाई प्रिमियममा बढीमा ५०% अनुदान प्रदान गरी बीमा कार्यक्रमा आबद्व गर्दै लगिनेछ ।

Scanned with CamScanner

६. प्रत्येक स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाई लागु गरिनेछ ।

७. स्वास्थ्यकर्मि, महिला स्वयसेविकाहरुको क्षमता अभिबृद्धि गर्नुका साथै समय सापेक्ष तालिमको ब्यबस्थापन गरी गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

८. नगरपालिका भित्र संचालनमा रहेका औषधी पसल, फार्मेसी तथा क्लिनिकहरुलाई अनुगमन तथा नियमन गरी गर्नुका साथै पालिकामा दर्ता एवं नविकरण गर्ने प्रकृयालाई अनिवार्य गरिनेछ ।

९. सुत्केरी महिलाहरुका लागि पोषणसँग सम्वन्धित नगर उप प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

१०. महामारी लगायतका आकस्मिक रुपमा फैलिन सक्ने रोगहरुको नियन्त्रणका लागि आवश्यक औषधि उपकरणको ब्यबस्थापन गरिनेछ ।

११. जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्रको सहकार्यमा जडीबुटी प्रंशोधन केन्द्र सञ्चालनमा ल्याईनेछ । योगाभ्यास, क्षारसुत्र सेवा, स्थानीय जडिबुटीहरुको प्रवर्द्वन तथा वडा स्तरमा आयुर्बेद गाउघर क्लिनिक संचालन गरिनेछ ।

## युवा तथा खेलकुद नीति

१. युवाहरुको प्रविधि, उद्यम, व्यवसाय, र नीति निर्माणमा अर्थपूर्ण पहुँच स्थापित गराईनेछ ।

२. युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि युवा लक्षित कार्यक्रम तथा नगर स्तरीय खेलकुद विकास समिति मार्फत खेलकुद प्रशिक्षण, नगर स्तरीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड कार्यक्रमलाई प्रभावकारी व्यवस्थित खेलाडीको उच्च मनोमल बढाउने गरी प्रोत्साहन गर्ने तथा नगर स्तरीय अन्य खेलकुदका प्रतियोगिता कार्यक्रम संचालन गर्दै लगिनेछ ।

३. वडा नं. ८ को मार्तडीमा रहेको कवर्डहल तथा सुविधा सम्पन्न प्रदेश स्तरको खेल मैदान बनाउन आवश्यक पूर्वाधार निर्माण गरी यसै आवमा संचालनमा ल्याइनेछ ।

४. रोजगार सेवा केन्द्रमा सुचिकृत दक्ष, अर्धदक्ष र अदक्ष वेरोजगारहरुको पहिचान गरी रोजगारीको अवसर प्रदान गर्न गैरसरकारी क्षेत्र र निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

Scanned with CamScanner

५. "बडीमालिका नगरपालिकाको सान महिनाको १ दिन अनिवार्य श्रमदान" अभियान नगरपालिका भरी सञ्चालन गरिनेछ।

## लैङ्गिक समान्ता तथा समाजिक समावेशीकरण महिला विकास सम्बन्धि नीति

१ बालबालिका तर्फ

- ✓ बालविवाह र बालश्रम मुक्त वडा घोषणा गर्दै क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- ✓ स्नातक तह उत्तिर्ण गरी विवाह गर्ने किशोरीलाई नगद सहित सम्मान गर्ने नीति लिईनेछ।
- ✓ नगरपालिका भित्र संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको अविभावकत्व नगरपालिकाले ग्रहण गरि पठनपाठनका लागि आवासिय विद्यालय सञ्चालन गरिनेछ।

२ महिला सशक्तिकरण तर्फ

१. ४५ वर्ष पुरा भएका एकल महिला तथा ५० बर्षका एकल पुरुषहरु तथा ग बर्गका लागि उपलब्ध गराउँदै आएको सामाजिक पोषण भत्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२. लैङ्गिक हिसां प्रभावितका लागि सहयोग कोषको रकम थप गर्दै लैजाने। लैङ्गिक हिसांरोकथाम तथा प्रतिकार्य कार्यक्रमको साभेदारीलाई निरन्तरता दिईने छ।

३. शसक्त महिला समृद्ध नेपाल कार्यक्रम मार्फत महिलाहरुको शसक्तिकरण ,लैङ्गिक हिंसा न्युनिकरण गर्नुका साथै आय आर्जनका काममा महिलाहरुलाई समावेश गरिनेछ।

४. विभिन्न दिवसीय कार्यक्रम लाई साझेदारीमा संचालन गरिने छ।

५. लैङ्गिकमैत्री पालिका निर्माणका लागि लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी कार्यान्वयन गरिनेछ।

६. लैङ्गीक समानता प्रवर्द्धन र लैङ्गिक हिंसा न्यूनिकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

७. लैङ्गिक समानता र महिला विकासका अभियानमा पुरुषको सहभागीता अभिवृद्धि गर्न साझेदारीमा अगाडी बढाईनेछ।

Scanned with CamScanner

छेउछाउको हरीयाली प्रवर्द्धन गर्न **क्लिन बडीमालिका र ग्रिन बडीमालिका** अभियान सञ्चालन गरिनेछ।

२. जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने नीति अवलम्बन गरिनेछ। जलवायु परिवर्तनको असर न्युनिकरण गर्न र कार्बन उत्सर्जन घटाउनका लागि वृक्षारोपण अभियान संचालन गर्ने तथा आगलागी नियन्त्रण गर्न समुदायसँगको साझेदारीमा विशेष अभियान संचालन गरिनेछ।

## विपद् व्यवस्थापन

१. विपद पूर्व तयारी, जोखिम न्यूनिकरण, प्रतिकार्य एवं पुनर्लाभिका लागि आवश्यक संख्यामा विशेष पहिचानयुक्त तालिम प्राप्त स्वयमसेवक समुह परिचालन गरि सामुदायिक आपतकालिन केन्द्र सञ्चालन ल्याईनेछ।

२. विपद व्यवस्थापनका लागि अन्य निकायसँगको समन्वयमा कार्य प्रभावकारी बनाउन सुचना सञ्चार प्रणाली विकास गर्दै सरोकारवाला एकिकृत रुपमा कार्य गर्ने वातावरण मिलाईनेछ।

३. नगरपालिकाको विपद पूर्व तयारी तथा जोखिम न्यूनिकरणका लागि प्रत्येक वडालाई आवश्यकता र विपद पहिचानका आधारमा सामाग्री र तालिम प्राप्त स्थानीय स्वयम् सेवक सहित तयारी अवस्थामा राखिनेछ।

## सरसफाई तथा फोहर व्यवस्थापन

१. नगरक्षेत्रबाट उत्सर्जन हुने फोहरमैलाको दिगो व्यवस्थापनका लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरी थुवा काँधमा रहेको ल्याण्डफिल्ड साइटलाई व्यवस्थित बनाईनुका साथै फोहर बग्ने नालिहरुको ट्रिटमेन्ट प्लान्ट बनाउने कार्यका लागि पहल गरिने छ।

२. नगरक्षेत्रबाट उत्सर्जन हुने फोहरमैलाको दिगो व्यवस्थापनका लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरी थुवा काँधमा रहेको ल्याण्डफिल्ड साइटलाई व्यवस्थित बनाईनुका साथै फोहर बग्ने नालिहरुको ट्रिटमेन्ट प्लान्ट बनाउने कार्यका लागि पहल गरिने छ।

Scanned with CamScanner

३. स्वच्छ सरसफाइ युक्त बडीमालिका निर्माण अभियान साकार पार्न घर, पसल, सरकारी तथा गैरसरकारी संस्थाका कार्यालयहरु, सार्वजनिक स्थानमा प्लास्टिकजन्य डस्विन विस्थापित गरी स्थानीय निगाला तथा चोयाबाट उत्पादित वस्तु डोकोको प्रयोगलांई अनिवार्य गरिनेछ।

४. फोहोरमैला संकलन गर्दा श्रोतमा नै वर्गिकरणको व्यवस्थालाई कडाई पूर्वक लागु गरिनेछ

## भूमि व्यवस्थापन

१. बडीमालिलका नगरपालिका क्षेत्र भित्र साविक मार्तडी बाउली गणखेल क्षेत्रमा हिमाली नमूना शहर आयोजना लागु गरी टाउन पलानिङ गरी यसै बर्ष देखि नमूना बस्ती विस्तारका लागि पहल गरिनेछ ।

२. नगरपालिका स्थित कृषियोग्य खाली तथा बाँझो जमिनमा व्यवसायिक कृषि वा उद्यम व्यवसाय संचालनलाई प्रोत्साहन गर्न भूमि बैक स्थापना गरी खाली तथा बाँझो जमिनको व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाईनेछ ।

३. सुकुम्वासी सम्वन्धि जिविकोपार्जन र बसोबास व्यवस्थापनका लागि पहल गरिनेछ ।

४. भूमिहिन सुकुम्वासीलाई हाल बसोबास गरी लामो समयसम्म भोगचलन गर्दै आएको ऐलानी जग्गालाई लाल पूर्जा प्रदान गर्न सम्वद्ध निकायसँग आवश्यक पहल गरिनेछ ।

५. भू उपयोग नीति, नक्सा, तथ्याङ्क, र भू उपयोग योजना बनाई कार्यान्वयन गरिनेछ ।

६. सडक कायम भई घर निर्माण भई सकेका तर हालसम्म लगत कट्टा हुन नसकेका सडक लगत कट्टाको लागि सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।

## शासन प्रणाली, संस्थागत विकास सेवा प्रवाह सुशासन प्रबद्र्धन सम्बन्धी नीति

१. संविधान प्रदत्त अधिकारको कार्यान्वयन एवम स्थानीय सरकार संचालनका लागि आवश्यक पर्ने नयाँ कानूनको तर्जुमा, कार्यान्वयनमा रहेका कानूनहरुको समय सापेक्ष संसोधन गरिनेछ ।

२. बडीमालिका नगर प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पारदर्शी, जनमैत्री एवम सेवामुखी बनाइनेछ ।

३. नगरपालिकाको आवश्यकता, कार्यबोझको आधारमा संगठन सर्वेक्षण गरि जनशक्ती व्यवस्थापन गरिनेछ ।

Scanned with CamScanner

४. नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुख, शाखा प्रमुखले मातहतका कर्मचारीसंग कार्य विवरण सहित कार्य सम्झौता सम्पादन गरी कर्मचारीको जवाफदेहीता अभिवृद्धि गरिनेछ।

५. कार्यसम्पादनमा आधारीत पुरस्कार एवम दण्ड प्रणाली अवलम्बन गरिनेछ। संस्थागत सुशासन प्रवर्द्धनका लागि भ्रष्ट्राचार विरुद्ध शुन्य सहनशिलताको सिद्धान्त अपनाइनेछ।

६. नगर विकास गतिविधि तथा योजना तर्जुमालाई अझ बढी यथार्थपरक एवंम तथ्याङ्कमा आधारित वनाउन नगरको विविध क्षेत्रका तथ्याङ्क तथा सूचनाहरुको संकलन एवम् अद्यावधिक गरी नगरक्षेत्रका सवै प्राकृतिक, धार्मिक, सांकृतिक एवमं सम्पूर्ण स्रोतहरुको यथार्थ चित्र देखिने स्रोत नक्सा सहितको डिजिटल नगर पाश्र्वचित्र तयार गरिनेछ।

७. बडिमालिका नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास निर्माणका गतिविधीहरुको प्रभावकारी अनुगमन एवम् जन सम्पर्क कायम गर्न नगर प्रमुख सचिवालयद्धारा हेलो मेयर टोल फ्रि नंम्बर संचालनमा ल्याई नगरबासीबाट प्राप्त हुने सल्लाह, सुझाव र गुनासोहरुलाई तत्कालै सम्वोधन गरिनेछ।

८. नगरपालिकाको संस्थागत विकास , जनप्रतिनिधि एवम कर्मचारीको क्षमता विकासका लागि नगर क्षमता विकास योजना तर्जुमा गरि कार्यान्वियन गरिने छ।

९. कर्मचारीको संस्थागत आचारसंहिता, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ।

१०. जनप्रतिनिधि र कर्मचारीको अन्तर सम्बन्ध सुदृढ, कार्यक्षमता बृद्धि, कामप्रति जवाफदेही बनाउने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

११. नप्रतिनिधीहरुको क्षमता विकास एवं अनभुव आदन प्रदानको लागि अन्तर नगरपालिका भ्रमण एवं कर्मचारीलाई आन्तरिक पर्यटन प्रवर्द्धन लागि पालिकाबाट नै व्ययभार हुने गरि बर्षको एक पटक ७ दिनको आन्तरिक पर्यटन भ्रमण काजको व्यवस्था मिलाईने छ।

१२. सार्वजनिक खरिद प्रणालीमा स्वच्छता, पारदर्शिता, प्रतिष्पर्धा, मितव्ययिता, विश्वसनियता कायम गर्न वार्षिक खरीद योजना तर्जुमा गरि पूर्ण रुपमा कार्यान्वयन गरिने छ।

१३. विकास आयोजनाहरुको ठेक्का पट्टा तथा सम्झौता निर्धारित समयभित्रै सम्पन्न गरिने छ। विद्युतिय बोलपत्रको पूर्ण रुपमा प्रयोग गरिनेछ।

१४. सार्वजनिक सम्पतिको संरक्षण, अभिलेखिकरण गरिनेछ।

Scanned with CamScanner

१५. सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन वार्षिक कम्तीमा एक पटक एकिकृत घूम्तीसेवा शिविर संचालन गरिने छ।

१६. स्थानीय न्याय प्रशासनबाट छिटोछरितो, निस्पक्ष न्याय सम्पादनका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको प्रबन्ध मिलाइ न्यायिक समिति सचिवालय नियमित संचालनमा ल्याइनेछ।

१७. न्याय सम्पादनमा आबद्ध जनशक्तीको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।

१८. मेलमिलाप कर्ताको न्यायिक क्षमता अभिर्वद्धि गर्न मेलमिलाप सम्बन्धी पुनरताजकीय तालिम प्रदान गरिनेछ।

१९. आगामी आ.व.भित्र सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने नीति लिइनेछ।

२०. न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।

२१. हिंसा पीडित महिलाहरुको पुनःस्थापना, उद्धार र निःशुल्क कानुनी उपचारका लागि सेफ हाउस मार्फत सहयोग गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

२२. नगरपालिकाको सेवा प्रवाह, कानुन कार्यान्वयन, न्यायिक समितिलाई सक्रिय बनाउन, बजार व्यवस्थापन, कर संकलन लगाएतका विविध कामहरुलाई सहज र छिटोछरितो सम्पन्न गर्न तथा नगर सुरक्षालाई थप व्यवस्थित बनाउनका लागि नगर प्रहरी सेवा गठन तथा संचालन विद्येयक आगामी आर्थिक वर्षदेखि नै कार्यान्वयनमा ल्याईनेछ।

२३. नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गत सम्पूर्ण राजस्वका क्षेत्रहरुको पहिचान गर्न राजश्व संकलनको सम्भाव्यता अध्ययन गरी करको दायराभित्र ल्याइनेछ।

२४. सामाजिक न्याय कायम गर्न प्रगतिशील कर प्रणालीको अवलम्बन गरिनेछ।

२५. कर प्रशासनलाई स्वच्छ, पारदर्शी, जनमैत्री, सेवामुखी बनाउन प्रविधिमैत्री बनाइनेछ।

२६. करको दायरा विस्तार एवम् जनताको तिर्न सक्ने क्षमताको आधारमा करका दरहरु समायोजन गरिनेछन्।

२७. लक्ष्य अनुरुप सम्पत्तिकर, वहाल कर, वहाल विटौरी शुल्क लागायतका कर संकलनमा सकारात्मक वातावरण श्रृजना गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ।

Scanned with CamScanner

२८. नगरपालिका भित्र उच्चतम् तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने नीति लिइनेछ।

२९. नगरपालिका क्षेत्रमा संचालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउनका लागि प्रत्येक वर्ष असोज मसान्त भित्र व्यवसाय कर तिर्नेलाई १० प्रतिशत छुटको व्यवस्था मिलाईनेछ।

३०. उपभोक्ताको हित संरक्षण,प्रवर्द्धन तथा खाद्य पदार्थ लगायतका सामग्रीहरुमा हुने मिसावट लगायतका समस्यालाई न्युनिकरण गर्न, बस्तु तथा सेवाको गुणस्तर कायम गर्न, कृतिम अभाव मुल्य नियन्त्रण गर्न बडीमालिका नगरपालिकाको वजार अनुगमन निर्देशिका वमोजिम वजार अनुगमन कार्यलाई चुस्त र प्रभावकारी वनाईनेछ।

**अन्तर सरकारी तथा गैर सरकारी सम्बन्धि नीति**

१. गैर सरकारी संस्था / संघहरुसँग समन्वय गरि कार्यक्रम संचालन गर्न **सँगै बसौं, सँगैं काम गरौं र सँगैं सेवा गरौं** भन्ने नीतिलाई आत्मसात गरिनेछ।

२. नगरपालिका भित्र काम गरिरहेका गैर सरकारी संस्थाहरुको परिचालन, अनुगमन तथा प्रतिफल मापन गरिदै लगिनेछ। गैरसरकारी संस्थाद्वारा नगरमा संचालन गरिने कार्यक्रमहरु नगरको नीति तथा कार्यक्रम र समुदायको आवश्यकता अनुसारका नगरपालिकाको बार्षिक कार्यक्रममा समावेश गरि नगरपालिकाले तोकेको क्षेत्रमा काम गर्न प्रवन्ध मिलाईनेछ। साथै नगरपालिकाबाट सञ्चालित कार्यक्रम तथा योजनाहरुको एकिकृत रुपमा अगाडी बढाउन गैरसरकारी डेस्क तथा योजना डेस्क निर्माण गरिनेछ।

३. पालिकाहरुका बिचका असल अभ्यास तथा सिकाईको आदान प्रदान, समन्वय तथा सहकार्य गर्न देश भित्रका नगरपालिका / उप महानगरपालिका / महानगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ।

**अन्त्यमा,**

सर्वदलिय र सर्वपक्षिय क्षेत्रसँग सहकार्य र समन्वय गर्ने प्रतिबद्धताका साथ यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकास र समृद्धिमा महत्वपुर्ण भुमिका निर्वाह गरी नगर सरकारलाई रचनात्मक सल्लाह सुझाव दिने स्थानीय सम्पुर्ण राजनैतिक दलहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, निजि क्षेत्र, नागरिक समाज, संचार जगत तथा सम्पुर्ण बडीमालीका बासी आमाबुबा, दाजुभाई, दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

अमरबहादुर खड्का
नगर प्रमुख

Scanned with
CamScanner

निर्णय नं २: यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ (१) बमोजिम बडीमालिका नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि आर्थिक विद्येक २०८१ नगर उप प्रमुख श्री नन्दा कुमारी थापाबाट नगर सभामा प्रस्तुत आर्थिक विद्येयक २०८१ नगर सभा सदस्यज्यूहरुबाट पेश भएका उपयुक्त सुझाव समावेश गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि तपशिल बमोजिमको विनियोजन विद्येयक २०८१ नगर सभा सदस्यहरुले पेश गरेको सुझाव सहित समावेश गरि पारित गर्ने निर्णय गरियो ।

anusuchi 5

ctors wise Projection of expenditures

आ.व : २०८१/८२

| सं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | ऋण | जनसहभागिता | वैदेशिक |
| | २ | आर्थिक विकास | २३८५१०००. | ४३०००००. | १७३६१०००. | २१९००००. | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | २०१ | कृषि | ८४६९००० | २२००००० | ४१६९००० | २१००००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | २०२ | उद्योग | ४९००००० | ३००००० | ४६००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | २०३ | पर्यटन | १३००००० | ०.०० | १३००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | २०४ | सहकारी | १२०००००. | १०००००० | २००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | २०५ | जलश्रोत तथा सिंचाई | ५०००००० | ८००००० | ४२००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | २०८ | पशुपन्छी विकास | २७८२००० | ०.०० | २६९२००० | ९०००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | २०९ | भूमि व्यवस्था | २००००० | ०.०० | २००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७ | सामाजिक विकास | २१३८९००००. | ६७३००००. | १९७३६००००. | ९७०००००. | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | ३७०४००० | २००००० | ३५०४००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७०३ | युवा तथा खेलकुद | ३५५०००० | ६००००० | २८५०००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७०४ | खानेपानी तथा सरसफाई | १३४८०००० | ३२००००० | ९४८०००० | ८००००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७०५ | भाषा तथा संस्कृति | ४९१६००० | २००००० | २३१६००० | २४००००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७०६ | शिक्षा | १४५८६९००० | १५००००० | १४०३६९००० | ४०००००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७०७ | स्वास्थ्य | ३३७१४००० | ६००००० | ३३११४००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ८६२२००० | ४३०००० | ५६९२००० | २५००००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ७११ | जनसंख्या तथा बसाईसराई | ३५००० | ०.०० | ३५००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३ | पूर्वाधार विकास | ९१८९३०००. | ६७०००००. | ५४००४०००. | ३११८९०००. | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३०१ | यातायात पूर्वाधार | ५९६०१००० | २५००००० | ३३४१२००० | २३६८९००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३०२ | भवन आवास तथा सहरी विकास | २६९३०००० | २७००००० | १६७३०००० | ७५००००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३०३ | ऊर्जा | ५००००० | ५००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३०४ | संचार तथा सूचना प्रविधि | १२५०००० | ०.०० | १२५०००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३०५ | पुनर्निर्माण | २११२००० | ५००००० | १६१२००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ३०७ | सम्पदा पूर्वाधार | १५००००० | ५००००० | १०००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७४९१०००. | १९०००००. | ५५९१०००. | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ४०१ | शासन प्रणाली | ३३००००० | १४००००० | १९००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ४०३ | प्रशासकीय सुशासन | ५००००० | ५००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ४१४ | तथ्यांक प्रणाली | ३३५००० | ०.०० | ३३५००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ४१५ | वातावरण तथा जलवायु | ३००००० | ०.०० | ३००००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ४१७ | विपद व्यवस्थापन | ३०५६००० | ०.०० | ३०५६००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ९ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३३५०१७५२. | १२११८२७५२. | १२२७९०००. | ४००००. | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | ९०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३३५०१७५२ | १२११८२७५२ | १२२७९००० | ४०००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| जम्मा | | | ४६८८२६७५२. | १४०८१२७५२. | २८४८९५०००. | ४३११९०००. | | | | |

बडिमालिका नगरपालिका
आय व्यय विवरण
२०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | ४३९५३७७८८.०२ | ४५१६३९४००. | ४४८७९१९००. |
| राजस्व | ८२०३६६३८.०२ | १०४६३३४००. | ९७७७७०००. |
| आन्तरिक श्रोत | ५०२४८६८.७ | १३०२५०००. | ०.०० |
| ११३१३ सम्पती कर | | ५०००००. | ०.०० |
| ११३१४ भुमिकर/मालपोत | १२२५९८६.७ | ४०००००. | ०.०० |
| ११३१७ वहाल कर | १४२४६५८.३७ | ५००००००. | ०.०० |
| ११३१८ वहाल विटौरी कर | | ५०००. | ०.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | | १००००. | ०.०० |
| ११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | २५०००. | ०.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | १२५०००. | ०.०० |
| ११६९१ अन्य कर | | १००००. | ०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | | ७००००. | ०.०० |
| १४२२१ न्यायिक दस्तुर | | ३०००. | ०.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | | ५०००. | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १९७६५०. | १२०००. | ०.०० |
| १४२४२ नक्सापास दस्तुर | १२३१७२. | ५०००००. | ०.०० |
| १४२४३ सिफारिश दस्तुर | ३२११८८.४९ | १००००००. | ०.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १०१२२०. | ८००००. | ०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ७६७४. | १५०००. | ०.०० |
| १४२४९ अन्य दस्तुर | ५२०६३४.७५ | १५०००. | ०.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४०६७०. | | |
| १४६११ व्यवसाय कर | | ५००००००. | ०.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ७७०११७६९.३२ | ९१६०८४००. | ९७७७७०००. |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५४७३४९०८.९९ | ८९६२९४००. | ६९८३४८९५. |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २०१३८०१७.९७ | ०.०० | २५३६५१०५. |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १९५४६६१.३६ | १९७९०००. | २३०७०००. |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १२०००. | ०.०० | २००००. |
| १४१७५ बाँडफाँड भई प्राप्त दहतर बहतरको विक्रिबाट प्राप्त हुने आय | १७२१८९. | ०.०० | २५००००. |
| अन्य आय | २१६५४१४.३९ | २५००००. | ०.०० |
| १४५२९ अन्य राजस्व | २१६५४१४.३९ | २५००००. | ०.०० |
| अन्तर सरकारी वितीय हस्तान्तरण | ३५७५०११५०. | ३४७००६०००. | ३५१०१४०००. |
| संघीय सरकार | ३२४६३४१५०. | ३०२६१८०००. | ३०७८९५००० |
| १३३११ समानिकरण अनुदान | ११०८१५०००. | १०४५०००००. | १०४७००००० |
| १३३१२ शसर्त अनुदान चालु | १६६०८००००. | १६०९१८०००. | १७८३९५०००. |
| १३३१३ शसर्त अनुदान पूँजीगत | २५९८९१५०. | १३२०००००. | १८००००००. |
| १३३१५ विषेश अनुदान पूँजीगत | १४००००००. | १०००००००. | ०.०० |
| १३३१७ समपुरक अनुदान पूँजीगत | ७७५००००. | १४००००००. | २३००००००. |
| प्रदेश सरकार | ३२८६७०००. | ४४३८८०००. | ४३११९००० |
| १३३११ समानिकरण अनुदान | ८५६७०००. | ९०९४०००. | ९६५२०००. |
| १३३१२ शसर्त अनुदान चालु | १४००००००. | ५५१००००. | ५५३००००. |
| १३३१४ शसर्त अनुदान पूँजीगत | | ५८५००००. | ०.०० |
| १३३१४ विषेश अनुदान चालु | | ८००००००. | ६५००००० |
| १३३१५ विषेश अनुदान पूँजीगत | २५०००००. | | |
| १३३१६ समपुरक अनुदान पूँजीगत | ७८०००००. | २०८९४०००. | २१५५७००० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
|   | | | |
| व्यय | | | |
| चालु | ४८६५९१३६३.०३ | ४७९३१२८००. | ४९१८२६५५२ |
| २११११ पारिश्रमिक कर्मचारी | ३२३७४३९००.६ | ३१५५०१३००. | ३५३००६५५२ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १२०२५२३१२ | १२११०६०००. | १३१७६२००० |
| २११२१ पोशाक | ०.०० | ९७००००० | ९६५९००० |
| २११२२ खाद्यान्न | ३१९०००. | १५४५००० | १७२२००० |
| २११२३ औषधीउपचार खर्च | ०.०० | ०.०० | १९५००० |
| २११३१ स्थानीय भत्ता | ०.०० | ०.०० | ५००००. |
| २११३२ महंगी भत्ता | २६२६५०३. | ४७०१०००. | ४६०२५८८ |
| २११३४ कर्मचारीको बैठक भत्ता | ६५६००० | १२९६०००. | १२९६०००. |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७४९४००. | ३०००००. | ७९५००० |
| २११३९ अन्य भत्ता | ०.०० | २५००० | ४५०००. |
| २११४१ पदाधिकारी बैठक भत्ता | १२६१२५. | ३०००००. | ३५०००० |
| २११४२ पदाधिकारीअन्य सुविधा | ०.०० | ०.०० | ५००००० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष | ९५४०६८०. | २८००००. | २८०००० |
| २२१११ पानी तथा बिजुली | ०.०० | ०.०० | ४७०००० |
| २२११२ संचार महसुल | ५०३४११.८ | ६५०००० | ६५०००० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | ५६२७४०. | १८०५००० | १११२००० |
| २२२११ इन्धन (पदाधिकारी) | ०.०० | ०.०० | २००००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ५८८८२१. | १०५०००० | १०००००० |
| | १९८४६५२ | १५१८९९०. | ३००००० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २२२१२ सवारी साधन मर्मत खर्च | २०७५५५४. | ३०००००० | ३०००००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २००२३२ | २१०००० | २०८००० |
| २२२१५ मेशिनरी तथा औजार ममेत सम्भार तथा सञ्चालन खर्च | ४८८८०१ | १०००००० | १८००००० |
| २२२२१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | 0.00 | ५००००० | ५००००० |
| २२२३१ अन्य सम्पत्तिको सञ्चालन तथा सम्भार खर्च | 0.00 | १००००० | १००००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ९२३७३४५. | ७५५८०००. | ७०३०००० |
| २२३१२ पुस्तक तथा सामग्री खर्च | ३४३३६०० | ३७०८००० | ५३०००० |
| २२३१३ इन्धन - अन्य प्रयोजन | ५०००० | २५०००० | २५०००० |
| २२३१४ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १४८९४३० | १०३५००० | २४२५००० |
| २२३१५ अन्य कार्यालय संचालन खर्च | ४४४२४७ | १९०००० | ५००००० |
| २२४११ सेवा र परामर्श खर्च | ८४४५३० | ८००००० | ८००००० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १९२००० | १०००००० | १३००००० |
| २२४१३ करार सेवा शुल्क | ३३७३९९९९ | ५३२४०९०० | ५३[illegible] |
| २२४१४ सरसफाईसेवा शुल्क | ७७४०० | ७१०००० | 0.00 |
| २२४१९ अन्य सेवा शुल्क | 0.00 | ७५००० | ३०००००. |
| २२५११ कर्मचारी तालिम खर्च | 0.00 | 0.00 | ३००००० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४००७५२३. | ३६५००० | १६४५००० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | 0.00 | 0.00 | २२००००० |
| २२५२२ कार्यक्रम खर्च | ५९०५६५४१.३४ | ७७६७३४४० | ९९६८९००० |
| २२५२९ विविध कार्यक्रम खर्च | ५५६८३९८७.४६ | ६६५०७०. | ५२००००० |
| २२६११ अनुगमन मूल्यांकन खर्च | ३१२२१६२. | २५८२००० | १५१८००० |
| २२६१२ भ्रमण खर्च | ४९७१४६. | २०००००० | १५००००० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | 0.00 | 0.00 | १५०००० |
| २२६१९ अन्य भ्रमण खर्च | १५०००० | १२०००० | १२०००० |
| २२७११ विविध खर्च | ३७०६५२८. | ३३३४००० | २५३६००० |
| २२७२१ सभा सञ्चालन खर्च | ४७८०७९. | १०००००० | १३००००० |
| २७११ सामाजिक सुरक्षा | 0.00 | ९००००० | ८००००० |
| २७१९ अन्य सामाजिक सुरक्षा | 0.00 | 0.00 | १०००००० |
| २७२११ छात्रवृति | ९६८५४७. | २४१२०००. | ३२०००० |
| २७२१२ उद्दार राहत तथा पुनर्स्थापना खर्च | १३११४००. | ३२००००० | २५९४००० |
| २७२१३ औषधीखरिद खर्च | १६७३७१८. | १२८७००० | २९८३००० |
| २७२१९ अन्य सामाजिक सहायता | 0.00 | 0.00 | १००००० |
| २८१४१ जग्गाको भाडा | २९९९३१. | ३६५०००. | ४३४००० |
| २८१४२ घरभाडा | १०९९८२५. | १५४४००० | १३२०००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १७२५७३०. | ३५०००० | २४०००० |
| पुँजीगत | १६२८४७४६२.४३ | १६३८११५०० | १३८८२०००० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | २७४२९९. | 0.00 | ३००००० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३०९१११७८. | ४२९६०००० | १९३५०००० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १०६६४००. | ३५०००० | 0.00 |
| ३१११४ जग्गा विकास कार्य | 0.00 | १५००००० | 0.00 |
| ३११२१ सवारी साधन | 0.00 | 0.00 | १५००००० |
| ३११२२ मेशिनरी तथा औजार | ३६५१४२४. | ९७४५००० | ३५०००० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १३५८३६५. | २४७०००० | 0.00 |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ५६७८३९९.८२ | ३८७०००. | १०००००० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | 0.00 | ४०००० | 0.00 |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १३९८८४६३. | 0.00 | ४००००० |
| ३११५१ सडक तथा पुल निर्माण | ९०४०६७४ | ३६६३४००० | ३४५३७००० |
| ३११५३ विद्युत संरचना निर्माण | १६६४५७२. | १०००००० | १००००० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ७७०००० | २८५०००० | २४०२००० |
| ३११५५ सिंचाई संरचना निर्माण | १२७५९००. | ३८०५००० | ४०५०००० |
| ३११५६ खानेपानी संरचना निर्माण | २७१६९२१. | १०९८८००० | १०७१०००० |
| ३११५७ वन तथा वातावरण संरक्षण | 0.00 | २००००० | 0.00 |
| ३११५८ सरसफाई संरचना निर्माण | २४८०४०. | २६८७००० | ५५०००० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ९०२०२८६६.६१ | ४२७७५५०० | ६२१७२००० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | 0.00 | २०८६००० | 0.00 |
| बचत (+)/न्यून | -४७०५३५७५.०१ | -२७६७३४०० | -४३०३५५५२ |
| अल्थ्या नगद मौज्दात | | २७६७३४०० | ४३०३५५५२ |

**निर्णय नं ४:** यस बडीमालिका नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित योजना तथा कार्यक्रमहरुको बजेटबाट खर्च हुन नसकेको रकमलाई नगर सञ्चित कोषमा जम्मा गरी आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि आम्दानी बाँध्ने तथा १५ औ नगरसभाबाट निर्णय हुन नसकेका वा निर्णय हुन छुट भएका वा आवश्यक पर्ने थप निर्णय गर्नुपरेमा कार्यपालिकाबाट निर्णय गराई कामकाज गराउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं ५:** आर्थिक वर्ष २०८०/०८१ का न्यायिक समितिबाट न्याय निरुपण सम्बन्धमा पेश हुन आएको विभिन्न विवादको विषयमा न्यायिक समितिले तयार गरेको वार्षिक प्रतिवेदन माथि छलफल भइ उक्त प्रतिवेदन सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:** यस नगरपालिकाको क्षेत्रमा क्रियाशिल रहेका विभिन्न संघ संस्थाहरुको कार्यक्रमहरुलाई विनियोजन ऐनमा नै समावेस गरि कार्यान्वयनमा ल्याउन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७:** बडीमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय स्वास्थ्य संस्थामा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद लोकसेवाआयोगबाट पदपूर्ति भएमा आएका वा अन्य कुनै निकायबाट सरुवा भइ आएमा वा कार्यसम्पादन सन्तोषजनक नदेखिएमा जुनसुकै बखत सेवा करार म्याद समाप्त हुने गरि मिति २०८१।०४ देखि २०८१ पुस मसान्त सम्म थप गर्ने । साथै संघ संस्थाको साझेदारी अन्तरगत कार्यरत कर्मचारीको कार्यसम्पादन म्याद थप गर्ने वा नगर्ने भन्ने विषयमा निर्णय गर्ने अधिकारी कार्यपालिकालाई प्रत्यायोजन गर्ने । साथै आ व २०८०।८१ मा श्रोतको विश्लेषण गरि समान तहमा कार्यरत सेवा करारका कर्मचारीको समान आधारभुत तलब निर्धारण गर्ने अधिकार कार्यपालिकालई प्रत्यायोजन गर्ने ।

निर्णय नं.९:-बडीमालिका नगरपालिकाद्वारा आ.व.२०७९।८० को असारको नगरसभा पछि २०८१ असार १० गतेसम्म भएको कुल आय र व्यय एवं आर्थिक कारोबारोसँग भएको सबै निर्णय सहितको आम्दानी खर्च र प्रतिबेदनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१०:- महालेखापरीक्षकको कार्यालयबाट जारी गरिएको आ.व. २०७८।७९ र २०७९।०८० को बार्षिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको बेरूजुका सम्बन्धमा बडीमालिका न.पा. लेखा समितिबाट दफावार छलफल गरी नियमित गर्ने बेरूजुलाई नियमित गर्ने, असुल गर्ने बेरूजुकोमा हकमा असुल तथा प्रमाण पेशगर्नु पर्नेको हकमा प्रमाण संलग्न राखी आ.ब.२०७८।७९ को बेरूजु सम्परीक्षणको लागि आ.ब.२०८०।८१ को मलेपडोरमा पेश गरिएको बेरूजु समेत सम्परीक्षण नभएको देखिएकोमा उक्त आ.ब.को पुनः सम्परीक्षको लागि पेश गर्ने साथै आ.ब.२०७९।८० को मलेप प्रतिबेदनमा औल्याईएको बेरूजुका सम्बन्धमा बडीमालिका लेखा समितिबाट बेरूजु फछ्र्यौटका लागि पेश आए बमोजिम दफाबार छलफल गरी बेरूजु रकम फछ्र्यौट गरियो । पेश भए बमोजिमको बेरूजु नियमित गरी फछ्र्यौट गर्ने र फछ्र्यौट भएको बेरूजु सम्परीक्षण गरी लगत कट्टाका लागि महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं ११:-** वडीमालिका नगरपालिका वडा नं ८ स्थित स्थित बडीमालिका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास तथा पर्यटन प्रवर्द्धन का लागि पर्यटन क्षेत्र संग सम्बन्धि क्रियाकलाप संचालन गर्न निजि क्षेत्रलाइ अनुमति दिन सम्बन्धित निकायसंग पहल गर्ने साथै पर्यटक सुरक्षाको लागि अस्थायि प्रहरी पोष्ट निर्माणको लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने ।

**निर्णय नं १२:-** बडीमालिका नगरपालिका र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) ,आईपास नेपाल,मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC) नेपाल लगायत अन्य साझेदारी संस्थाहरुको प्रत्यक्ष संलग्नतामा सञ्चालित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजनाको दोस्रो चरण लागत साझेदारी कार्यक्रम २०२४ देखि २०२६ सम्म निरन्तरता दिने ।

**निर्णय नं १३:** यस नगरपालिकाको १५ औ नगर अधिवेशन बैठममा उपस्थित भई उल्लेखनिय सहयोग गर्नु हुने नगर उप प्रमुख सम्पूर्ण नगर सभा सदस्य ज्यूहरु पत्रकार विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु विभिन्न कार्यालयका कार्यालयप्रमुख ज्यूहरु संघसंस्था तथा अन्य निकायबाट पाल्नु भएका महानुभावलाई विशेष आभार व्यक्त गर्दै धन्यवाद दिनुका साथै नगर अधिवेशन सम्पन्न गर्न आवश्यक कार्यमा खटिई सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कार्मचारीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

१. बेरूजु दफा नं. ११.८ अनुसूची १७ नन्फाईलर

डि.बि. पूर्णा हण्डिक जे.भि. भ्याट न ६१८३०४७९४ ले नगरपालिबाट भुक्तानी लिएको रकमको नियममा तोकिएको म्याद भित्र आन्तरिक राजश्व कार्यालयमा विवरण पेश नगरेको कारण नन्फाईलर भएकोले कर समायोजन पेश गर्ने भनि बेरूजु कायम भएकोमा उक्त फर्मको तर्फबाट मिति २०८१।२।३ गते करदाता सेवा कार्यालय सफिबगर अछामको चलानी नम्बर १९७ मिति २०८१।२।१ को कर समायोजन गरेको पत्र पेश एवं आ.व.२०७९।८० कर चुक्ता प्रमाण पत्र पेश भएकोमा आवश्यक पर्ने प्रमाण कागजात पेश भएकोमा २४२०२९१ को फर्छ्यौट गरी लेखा समितिबाट पेश भएको उक्त बेरूजु सम्परीक्षण गरी दिन हुन महालेखा परीक्षकको कार्यालय डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

सम्परीक्षणका लागि पेश रू २४,२०,२९१।-

एम एस राजेन्द्र डि.बि. जे.भि.ले आ.व.२०८०।८१ मा १० शैया अस्पताल निर्माण कार्यका लागि क्रमागत निर्माण कार्यको रकम भुक्तानीमा ननफाइलर उल्लेख गरिएकोमा उक्त योजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न नभएसम्म कर समायोजन नहुने भएकोले उक्त फर्मले आ.व.२०७९।८० को लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको तथा करचुक्ता समेत भएको र लेखापरीक्षण प्रतिवेदनमा समेत देखिएकोले उक्त रकम २४३२२६१.९१ फछ्यौंट गरी लेखा समितिबाट पेश भएको उक्त बेरूजु सम्परीक्षण गरी दिन हुन महालेखा परीक्षकको कार्यालय डोर समक्ष पेश गर्ने निर्णय गरियो।

सम्परीक्षणका लागि पेश रू २४,३२,२६१.९१

२. बेरूजु दफा नं. ११.९ पेश्की जमानत

सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ११३ को नियम (४) मा पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट अवधिभन्दा कम्तिमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नम्बर १६/२०७७/७८ कालाजग्रा पर्यटन पार्क तथा पदमार्ग निर्माणका निर्माण व्यवसायी स्काई धुलीखेल प्याराडाइज जे.भि.लाई खरिद सम्झौताको म्याद थप गर्दा पेश्की जमानतको अवधि २०७९ माग २५ मा सकिएकोमा पनि जमानतको म्याद थप गरेको नदेखिएकोले खरिद कानुन बमोजिम पेश्कीको पनि म्यादथप नगर्दा पेश्की रकम २५१६४०८ जोखिममा परेको देखिन्छ भनि प्रमाण पेश गर्नु पर्ने बेरूजुमा रहेकोमा यसरी नियममा भएको व्यवस्थालाई कडाइका साथ लागु गर्न कार्यालयलाई निर्देशन दिने तथा उक्त पेश्की रकम २०८०।८।२५ गोश्वारा भौचर नं. ८ बाट रनिङ बिलको भुक्तानीमा सम्पूर्ण पेश्की रकम कट्टा गरेको प्रमाण पेश भएकोमा उक्त बेरूजु पेफ गरेको भौचर र कागजातको आधारमा २५,७७,४५५ फछ्यौंट गरी लेखा समितिबाट पेश भएको उक्त बेरूजु सम्परीक्षण गरी दिन हुन महालेखा परीक्षकको कार्यालय डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

सम्परीक्षणका लागि पेश रू २५,१६,४०८।-

३. बेरूजु दफा नं. ११.१० बढी भुक्तानी

चोयाकोट मा.वि.को भवन निर्माणका निमित्त निर्माण व्यवसायी बेत्तालमाण्डौ निर्माण सेवा एण्ड अर्डर सप्लायर्सलाई नापी किताव एवं बिलमा उल्लेख भएको बास्तविक रकम भन्दा ६,५१,०००।— बढी भुक्तानी रकम असुल गर्नुपर्ने भनि बेरूजु कायम भएकोमा उक्त बेरूजुका सम्बन्धमा उक्त बेत्तालमाण्डौ निर्माण सेवा एण्ड अर्डर सप्लायर्सले मिति २०८१।२।२ भौचर नं. ६३८३४१९७ बाट रू ६,५१,०००।— राजश्व शिर्षक न १५१११ मा दाखिला गरिएको भौचर प्राप्त भएकोमा उक्त बेरूजु फछ्यौंट गरी लेखा समितिबाट पेश भएको उक्त बेरूजु सम्परीक्षण गरी दिन हुन महालेखा परीक्षकको कार्यालय डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

सम्परीक्षणको लागि पेश रू ६,५१,०००।-

४. बेरूजु दफा ११.१५ सावारी साधन खरिद

नेपाल सरकार सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउने मापदण्ड, २०७८ को बुँदा ९ (२) मा नेपाल सरकारको स्रोत वैदेशिक स्रोतबाट स्वास्थ्य संचालन तथा निर्वाचन कार्यक्रम संचालन गर्ने प्रयोजन बाहेक अन्य अवस्थामा चारपाँग्रे सवारी साधान खरिद गरिनेछैन भन्ने उल्लेख छ। पालिकाले यो वर्ष गो.भौ.नं. १३१/२०८०।१।१४ बाट रू ३०८५००० अग्नी इन्कर्पोरेट प्रा.लि.लाई र गो भौ नं. १४६/२०८०।१।८ मा डेकोरेशन थप ३७८९२३ गरी रू ३४६३९२३ मा बोलेरो जिप खरिद भएको छ । सवारी साधानको संख्या बढ्दा इन्धन मर्मत सम्भार र सवारी चालक लगायतको खर्च समेत बढोत्तरी हुने भएकोले बैदेशिक स्रोतबाट स्वास्थ्य संचालन तथा निर्वाचन कार्यक्रम संचालन गर्ने प्रयोजनबाहेक अन्य वस्थामा चारपाङग्रे सवारी साधन खरिद गरिने छैन भन्ने सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारीता बनाउने मापदण्डको व्यवस्थालाई पालना गरेको नदेखिएको भनि बेरूजु कायम भएकोमा कार्यालयबाट उक्त बोलेरो सवारी प्रयोजनमा नभई कृषि एम्बुलेन्सको रूपमा किसानले गाउँमा उत्पादन गरेको कृषि उपजलाई सदरमुकाम स्थित कृषि हाटबजारसम्ममा ढुवानी गराई कृषि प्रयोजनका लागि खरिद गरिएकोले सो बोलेरोको नाम नै कृषि एम्बुलेन्स भएको सम्पूर्ण खरिद कागजात एवं हाल कार्यालयले प्रयोग गरेकोबाट देखिएकोमा आगामी दिनमा प्रचलित कानुनको पालना गर्न निर्देशन दिदै सो कृषि एम्बुलेन्स कृषि प्रवद्धनको लागि भएकोले उक्त अनियमित बेरूजु ३४,६३९२३ लाई एकपटकको लागि फर्छ्यौट गरी लेखा समितिबाट पेश भएको उक्त बेरूजु रकम नियमित गर्ने निर्णय गरियो । साथै नियमित गरिएको बेरूजु रकम सम्परीक्षण गरी दिन हुन महालेखा परीक्षकको कार्यालय डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

सम्परीक्षणको लागि पेश रू ३४,६३,९२३।-

५. बेरूजु दफा ११.१८ माटो कटिङ्ग र फिलिङको बढी परिमाणको भुक्तानी

१० शैया अस्पताल भवन निर्माण कार्यको लागत अनुमानमा माटो फिलिङको ११०३.४७ घनमिटरको भुक्तानी दिएकोमा फिलिङमा दोहोरो नापी गरी भुक्तानी दिन नमिल्ने भनि २७५८६८ रकम असुल गर्ने गरी बेरूजु कायम भएको सन्दर्भमा कार्यालयबाट उक्त निर्माण कार्यको रनिङ बिलको भुक्तानी गर्दा बेरूजु रकम २७५८६८ रकम बेरूजु कट्टा गरी बाँकी भुक्तानी गरि सो रकम बेरूजु खातामा जम्मा गरेको राजश्व शिर्षक नं. १५१११ मिति २०८१।३।८ राजश्व भौचर नं. ६५३५६१८२ को दाखिला भौचर प्राप्त भएकोले उक्त बेरूजु रकम फछ्यौंट गरी लेखा समितिबाट पेश भएको उक्त बेरूजु सम्परीक्षण गरी दिन हुन महालेखा परीक्षकको कार्यालय डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

सम्परीक्षणको लागि पेश रू २,७५,८६८।-

६. बेरूजु दफा ११.१९ खर्चको बिल भरपाई

१० शैया अस्पताल भवन निर्माण कार्यका लागि जग्गा व्यवस्थापन प्रयोजनका लागि मार्तडी स्वास्थ्य चौकीलाई १२,००,००० रकम निसासा गरिएकोमा सो स्वास्थ्य चौकीको नाममा जग्गा प्राप्त गरेको लालपुर्जा एवं भरपाई पेश भएकोमा उक्त कागजातको आधारमा चुथी स्वास्थ्य चौकीको नाममा जग्गा खरिद बापतको १२,००,०००।- को रकम बुझाएको भरपाई, वडाको सिफारिस, कार्यपालिका माईन्यूट, जग्गा धनी प्रमाण पत्रको फोटोकपी, राजीनामाका प्रमाण पेश भएकोमा बेरूजु फछ्यौंट गरी लेखा समितिबाट पेश भएको उक्त बेरूजु सम्परीक्षण गरी दिन हुन महालेखा परीक्षकको कार्यालय डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

सम्परीक्षणको लागि पेश रू १२,००,०००।—

Scanned with CamScanner

**७. बेरूजु दफा नं. १० पेश्की व्यवस्थापन**

आ.व.२०७९।८० को अन्तमा सोही आ.व.मा भए गरेका कार्यहरूको सार्वजनिक सुनुवाई सम्पन्न गर्ने प्रयोजनका लागि कार्यालय भन्दा बाहिरको स्वतन्त्र व्यक्तिबाट कार्यान्वयन हुँदा अझ प्रभावकारी बनाउनको लागि मदन जोशीलाई पेश्की दिएको ९९००० को निजले २०८०।४।३२ गतेका दिन सार्वजनिक सुनुवाई सम्पन्न गरी उक्त कार्यको विल भपाई उपस्थिति सहितको प्रतिवेदनका आधारमा गोश्वारा भौचर नं. १०८७ मिति २०८१।३।३१ मा गतको पेश्की फछ्यौंट गरेको भौचर र कागजात पेश भएकोले उक्त पेश्की फछ्यौंट गर्ने निर्णय गरी लेखा समितिबाट फछ्यौंट गरिएको वेरूजुलाई अनुमोदन गरियो साथै फछ्यौंटबेरूजुलाई सम्परिक्षण गरी दिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने ।

**प्रमाण पेश बेरूजु सम्परीक्षणको लागि पेश रू ९९०००।-**

**८. बेरूजु दफा नं. ११.१९ प्रमाण पेश नभएको**

नवराज पण्डितको पेश्की फछ्यौंटमा कागती बूवा ३५८०, सुन्तला १८०० समुहका अध्यक्षलाई दिएकोमा समुहका सदस्यले बुझेको भरपाई पेश नभएको भनि वेरूजु कायम भएको सन्दर्भमा उक्त संख्याको विरूवाहरू सम्वन्धित कृषकहरूलाई बुझाएको भरपाई पेश भएकोले उक्त भरपाई मलेपडोर समक्ष पेश गर्ने र हाल सो बेरूजु फछ्यौंट गर्ने निर्णयलाई अनुमोदन गरियो साथै उक्त फछ्यौंट वेरूजु सम्परीक्षण गरी दिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने । **प्रमाण पेश बेरूजु सम्परीक्षणका लागि पेश रू २,००,०००।-**

**जम्मा सम्परीक्षणको लागि पेश रू १,३२,५८,७५१.९१**

Scanned with CamScanner